# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, फागुन १७ गते २०५५ साल (संख्या ४५


## भाग ३

### श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

### दूरसञ्चार (पहिलो संशोधन) नियमावली, २०५५

दूरसञ्चार नियमावली, २०५४ लाई संशोधन गर्न वान्छनीय भएकोले, दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "दूरसञ्चार (पहिलो संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. दूरसञ्चार नियमावली, २०५४ को नियम ३ मा संशोधन : दूरसञ्चार नियमावली, २०५४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ मा रहेका "दश वर्ष" भन्ने शब्दहरु सट्टा "सात वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को उपनियम (५) मा रहेका "जाँचबुझबाट अनुमतिपत्र दिन सबभन्दा बढी योग्य देखिएका व्यक्तिलाई" भन्ने शब्दहरूको सट्टा "त्यसरी जाँचबुझ गर्दा अनुमतिपत्र दिन उपयुक्त देखिएमा निवेदन दिने व्यक्तिलाई" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को,

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) नियम १० को उपनियम (६) बमोजिम दिइने अनुमतिपत्रको लागि अनुसूची-६ (क) मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर ।"

406

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :
"(२) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले तिर्नुपर्ने अनुमतिपत्र दस्तुर एकैपटक वा प्राधिकरणले तोके बमोजिम किस्तावन्दीको आधारमा अनुमतिपत्रको अवधिभित्र बुझाउनु पर्नेछ ।"

५. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को उपनियम (१) र (२) को सट्टा देहायको उपनियम (१) र (२) राखिएका छन् :-
"(१) अनुमतिपत्रको अवधि ऐनको दफा २५ को उपदफा (१) को अधीनमा रही देहाय बमोजिमको हुनेछ :-
(क) नियम १० को उपनियम (५) बमोजिम दिइने अनुमतिपत्रको अवधि पाँच वर्ष,
(ख) नियम १० को उपनियम (१), (२) र (६) बमोजिम दिइने अनुमतिपत्रको अवधि अनुमतिपत्रमा तोकिए बमोजिम ।"

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्र नवीकरण गर्न चाहेमा सो अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा ६ महिना अगावै नियम १० को उपनियम (१) र (२) बमोजिम पाएको अनुमतिपत्रको लागि आफूले कबुल गरेको नवीकरण दस्तुर र नियम १० को उपनियम (५) र (६) बमोजिम पाएको अनुमतिपत्र नवीकरणको लागि अनुसूची-७ मा तोकिए बमोजिमको नवीकरण दस्तुर संलग्न गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।"

६. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (ङ) झिकिएको छ ।

७. मूल नियमावलीमा नियम १८(क) थप : मूल नियमावलीको नियम १८ पछि देहायको नियम १८ (क) थपिएको छ :-
"१८ (क) प्राधिकरणलाई जानकारी दिनुपर्ने : निरीक्षकले दफा १८ को खण्ड (ङ) बमोजिम अनुमति प्राप्त व्यक्तिलाई कुनै आदेश दिएको भए त्यसको जानकारी तीन दिन भित्र प्राधिकरणलाई दिनु पर्नेछ ।"

८. मूल नियमावलीको नियम २० मा संशोधन : नियम २० को उपनियम (१) मा रहेको "प्रतिवेदन" भन्ने शब्द पछि "दश दिनभित्र" भन्ने शब्दहरु थपिएका छन् ।

९. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएको छ :-
"(२६) रोयल्टी बुझाउनु पर्ने : नियम १० को उपनियम (५) र (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ ।"

१०. मूल नियमावलीको नियम २९ मा संशोधन : मूल नियमावलीको नियम २९ को उपनियम (२) मा रहेका "उपनियम (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

११. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीमा रहेको अनुसूचीको,–
(१) अनुसूची- ३ र ६ को सट्टा यसै साथ संलग्न बमोजिमका अनुसूची- ३ र ६ राखिएका छन् ।
(२) अनुसूची- ६ पछि यसैसाथ संलग्न बमोजिमको अनुसूची– ६ (क) थपिएको छ ।
(३) अनुसूची- ७ को सट्टा यसै साथ संलग्न बमोजिमको अनुसूची-७ राखिएको छ ।

४०८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ३
(नियम ८ संग सम्बन्धित)
अनुमतिपत्र लिन चाहिने पूँजी, प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता

दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (१) तथा दूरसञ्चार नियमावली, २०५४ को नियम ७ को उपनियम (१) बमोजिम दूरसञ्चार सेवा संचालन गर्ने अनुमतिपत्र लिन चाहने व्यक्तिसँग देहाय बमोजिमको पूँजी र दूरसञ्चार सम्बन्धी देहाय बमोजिमको प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता हुनु पर्नेछ :-

(अ) आवश्यक पर्ने अधिकृत पूँजी :

१. अधिराज्यभरि स्थानीय टेलिफोन सेवा संचालन गर्नका लागि दुई अरब रुपैयाँ,
२. अधिराज्यभरि सेलुलर टेलिफोन सेवा संचालन गर्नको लागि पचास करोड रुपैयाँ,
३. अन्तर्देशीय ट्रंक सेवा संचालन गर्नको लागि पचास करोड रुपैयाँ,
४. अन्तर्देशीय ट्रंक र अन्तर्राष्ट्रिय ट्रंक सेवा संचालन गर्नको लागि पचहत्तर करोड रुपैयाँ,
५. माथि उल्लिखित एक भन्दा बढी दूरसञ्चार सेवा संचालन गर्नको लागि एउटै अनुमतिपत्र लिने भएमा दुई अरब रुपैयाँ,
६. अन्य दूरसञ्चार सेवा संचालन गर्न तथा कुनै खास स्थानमा दूरसञ्चार सेवा संचालन गर्नकों लागि लिने अनुमतिपत्रको लागि लाग्ने पूँजी प्राधिकरणले तोक्नेछ ।

(आ) प्राविधिक निपुणता र पेशा सम्बन्धी दक्षता :

१. स्थानीय टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा तीन वर्ष स्थानीय टेलिफोन सेवा संचालन गरेको,
२. सेलुलर टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा तीन वर्ष सेलुलर टेलिफोन सेवा वा स्थानीय टेलिफोन सेवा संचालन गरेको,
३. अन्तर्देशीय वा अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा तीन वर्ष अर्न्तराष्ट्रिय ट्रंक टेलिफोन सेवा वा अन्तर्देशीय ट्रंक टेलिफोन सेवा वा स्थानीय टेलिफोन सेवा संचालन गरेको,
४. अन्य दूरसञ्चार सेवा संचालन गर्नको लागि प्राधिकरणले तोके बमोजिमको प्राविधिक निपुणता र पेशा सम्बन्धी दक्षता भएको ।

द्रष्टव्य :-

*१. अधिराज्यभरि स्थानीय टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा १ लाख ५० हजार टेलिफोन लाइन संचालन गरेको हुनु पर्ने ।*
*२. अधिराज्यभरि सेलुलर टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा १ लाख ५० हजार लाइन भएको स्थानीय टेलिफोन सेवा वा ५० हजार सेलुलर टेलिफोन लाइन संचालन गरेको हुनु पर्ने ।*
*३. अधिराज्यभरि स्थानीय टेलिफोन सेवा र सेलुलर टेलिफोन सेवा संचालन गर्नको लागि कम्तीमा ३ लाख टेलिफोन लाइन भएको स्थानीय टेलिफोन सेवा वा कम्तीमा १ लाख ५० हजार टेलिफोन लाइन भएको स्थानीय टेलिफोन सेवाको साथै ५० हजार टेलिफोन लाइन भएको सेलुलर टेलिफोन सेवा संचालन गरेको हुनु पर्ने ।*
*४. अन्य दूरसञ्चार सेवाहरुको सम्बन्धमा प्राधिकरणले तोके बमोजिम दूरसञ्चार सेवा संचालन गरेको हुनु पर्ने ।*

४०९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - ६
(नियम ११ को उपनियम (१) को खण्ड (क) संग सम्वन्धित)

**अनुमतिपत्र वापत लाग्ने दस्तुर**

दूरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (५) बमोजिम दिइने अनुमतिपत्रको लागि देहाय बमोजिम दस्तुर लाग्ने छ :-

| सि.नं. | दूरसञ्चार सेवाको किसिम | दस्तुर |
|---|---|---|
| १. | इन्टर्नेट (इ-मेल सहित) | रु. ३,००,०००।- |
| २. | इ-मेल | रु. २,००,०००।- |
| ३. | अडियो टेक्ष्ट/भ्वाइस मेल | रु. २,००,०००।- |
| ४. | भिडियो टेक्ष्ट | रु. २,००,०००।- |
| ५. | फ्याक्स मेल | रु. २,००,०००।- |
| ६. | VSAT | |
| | (क) VSAT Network प्रदायक | रु. २५,००,०००।- |
| | (ख) VSAT प्रयोगकर्ता | रु. २,५०,०००।- |
| ७. | अडियो कन्फरेन्सीङ्ग | रु. ५०,०००।- |
| ८. | पे फोन (Pay Phone) | रु. ३०,००,०००।- |
| ९. | प्रि-पेड कलिङ्ग कार्ड (Pre-paid Calling Card) | रु. ३०,००,०००।- |
| १०. | स्थानीय डाटा नेटवर्क (व्यापारिक प्रयोगको लागि) | रु. २५,००,०००।- |
| ११. | रेडियो पेजिङ्ग नेटवर्क | |
| | (क) अधिराज्यभर | रु. ५०,००,०००।- |
| | (ख) पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्र (काठमाण्डौं उपत्यका बाहेक) | रु. २०,००,०००।- |
| | (ग) काठमाण्डौं उपत्यका | रु. २०,००,०००।- |
| | (घ) पश्चिमाञ्चल विकास क्षेत्र | रु. १२,००,०००।- |
| | (ङ) मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र | रु. ८,००,०००।- |
| | (च) कुनै निश्चित गा.वि.स.मा मात्र सञ्चालन गर्ने भए | रु.३,००,०००।- |
| १२. | ट्रंक मोवाइल रेडियो | |
| | (क) काठमाडौं उपत्यकामा | रु. ५,००,०००।- |
| | (ख) पोखरा र विराटनगर उपमहानगरपालिका तथा वीरगञ्ज, भैरहवा, भरतपुर र नेपालगञ्ज नगरपालिकामा | रु. २,५०,०००।- |
| | (ग) अन्य क्षेत्रमा | रु. १,२५,०००।- |
| १३. | अन्य दूरसञ्चार सेवाको लागि प्राधिकरणको सिफारिशमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम । | |

४१० २०४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-६ (क)
(नियम ११ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)
अनुमतिपत्र वापत लाग्ने दस्तुर

दूरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (६) बमोजिम दिइने अनुमतिपत्रको लागि देहाय बमोजिम दस्तुर लाग्ने छ :-

| सि.नं. | दूरसञ्चार सेवाको किसिम | दस्तुर |
|---|---|---|
| १. | इन्टर्नेट (इ-मेल सहित) | रु. १,००,०००।- |
| २. | फ्याक्स मेल | रु. ४०,०००।- |
| ३. | VSAT प्रयोगकर्ता | रु. १,००,०००।- |
| ४. | स्थानीय डाटा नेटवर्क (व्यापारिक प्रयोगको लागि) | रु. १५,००,०००।- |
| ५. | स्थानीय टेलिफोन सेवा | रु. ५,००,००,०००।- |
| ६. | अन्तर्देशीय ट्रंक टेलिफोन सेवा | रु. ३,५०,००,०००।- |
| ७. | अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा | रु. ६,२५,००,०००।- |
| ८. | अन्तर्देशीय टेलिग्राफ सेवा | रु. ५,००,०००।- |
| ९. | अन्तर्राष्ट्रिय टेलिग्राफ सेवा | रु. २६,००,०००।- |
| १०. | टेलेक्स सेवा | रु. ३१,००,०००।- |
| ११. | लिज सर्किट सेवा | रु. १५,५०,०००।- |
| १२. | फ्याक्सिमिली (टेली फ्याक्स) सेवा | रु. ३,००,०००।- |
| १३. | प्याकेज स्वीचिङ्ग डाटा सेवा | रु. ३,००,०००।- |
| १४. | अन्य दूरसञ्चार सेवाको लागि प्राधिकरणको सिफारिशमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम । | |

*( द्रष्टव्यं : सि.नं. ५ देखि सि.नं. १३ सम्मको दस्तुर १० वर्ष अवधिको लागि)*

४११



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - ७
(नियम १२ को उपनियम (२) संग सम्बन्धित)

**अनुमतिपत्र नवीकरण गरे वापत लाग्ने दस्तुर**

दूरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (५) र (६) बमोजिम दिइने अनुमतिपत्र नवीकरण गर्नको लागि देहाय बमोजिम दस्तुर लाग्ने छ :-

| सि.नं. | दूरसञ्चार सेवाको किसिम | दस्तुर |
|---|---|---|
| १. | इन्टर्नेट (इ-मेल सहित) | रु. २,७०,०००।- |
| २. | इ-मेल | रु. १,८०,०००।- |
| ३. | अडियो टेक्ष्ट/भ्वाइस मेल | रु. १,८०,०००।- |
| ४. | भिडियो टेक्ष्ट | रु. १,८०,०००।- |
| ५. | फयाक्स मेल | रु. १,८०,०००।- |
| ६. | VSAT | |
| | (क) VSAT Network प्रदायक | रु. २२,५०,०००।- |
| | (ख) VSAT प्रयोगकर्ता | रु. २,२५,०००।- |
| ७. | अडियो कन्फरेन्सीङ्ग | रु. ४५,०००।- |
| ८. | पे फोन (Pay Phone) | रु. २७,००,०००।- |
| ९. | प्रि-पेड कलिङ्ग कार्ड (Pre-paid Calling Card) | रु. २७,००,०००।- |
| १०. | स्थानीय डाटा नेटवर्क (व्यापारिक प्रयोगको लागि) | रु. २२,५०,०००।- |
| ११. | रेडियो पेजिङ्ग नेटवर्क | |
| | (क) अधिराज्यभर | रु. ४५,००,०००।- |
| | (ख) पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्र (काठमाण्डौं उपत्यका बाहेक) | रु. १८,००,०००।- |
| | (ग) काठमाण्डौं उपत्यका | रु. १८,००,०००।- |
| | (घ) पश्चिमाञ्चल विकास क्षेत्र | रु. १०,८०,०००।- |
| | (ङ) मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र | रु. ७,२०,०००।- |
| | (च) कुनै निश्चित गा.वि.स.मा मात्र सञ्चालन गर्ने भए | रु. २,७०,०००।- |
| १२. | ट्रंक मोवाइल रेडियो | |
| | (क) काठमाडौं उपत्यकामा | रु. ४,५०,०००।- |
| | (ख) पोखरा र विराटनगर उपमहानगरपालिका तथा वीरगञ्ज, भैरहवा, भरतपुर र नेपालगञ्ज नगरपालिकामा | रु. २,२५,०००।- |
| | (ग) अन्य क्षेत्रमा | रु. १,१२,५००।- |
| १३. | स्थानीय टेलिफोन सेवा | रु. ४,५०,००,०००।- |
| १४. | अर्न्तदेशीय ट्रंक टेलिफोन सेवा | रु. ३,१५,००,०००।- |
| १५. | अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा | रु. ५,६२,५०,०००।- |
| १६. | अर्न्तदेशीय टेलिग्राफ सेवा | रु. ४,५०,०००।- |
| १७. | अन्तर्राष्ट्रिय टेलिग्राफ सेवा | रु. २३,४०,०००।- |
| १८. | टेलेक्स सेवा | रु. २७,९०,०००।- |
| १९. | लिज सर्किट सेवा | रु. १३,९५,०००।- |
| २०. | फयाक्सिमिली (टेली फयाक्स) सेवा | रु. २,७०,०००।- |
| २१. | प्याकेज स्वीचिङ्ग डाटा सेवा | रु. २,७०,०००।- |
| २२. | अन्य दूरसञ्चार सेवाको लागि प्राधिकरणको सिफारिशमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम । | |

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।